## प्रश्न नं. ९

### त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ९७६ देखि १०९७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

आशिषराज योगीको जाहेरीले नेपाल सरकार
बिरुद्ध

जिल्ला सुर्खेत आठबीस नगरपालिका वडा नं. १ रिउले टोल बस्ने कर्णबहादुर रावल

मुद्दाः- ज्यान सम्वन्धी कसूर

१. म वन चेक पोष्ट धुलीयाविटमा कार्यरत रहेको हुँदा २०७५।८।१ गते डिउटीमा आई बसेको थिए । श्रीमतीले छोरीलाई पनि नयाँ किनेको घर सुव्वा कुना ल्याएको थिइन सो दिनको ११ बजे कर्णबहादुर रावलले ढुंगाले हानी भागे भन्ने तिलक बि.सी. समेतले खबर गरेपछि छोरीको अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भएकोले कानून बमोजिम गरी पाउँ भन्ने जाहेरी दरखास्त ।

२. घटनास्थल तथा लाश प्रकृति मुचुल्का भई मिसिल सामेल रहेको ।

३. दुई तले फुसको छाना भएको घरको पालिमा झोलुंगो बनाई ७ महिनाको बच्चा सुताई रहेको भनिएको ठाउँ र सो ठाउँमा झोलुंगो नरहेको भन्ने जाहेरवालाले देखाए अनुसारको घटनास्थल ठीक छ भन्ने घटनास्थल प्रकृति विवरण ।

४. मिति २०७५।८।११ गते ११ बजे खेतबाट घर आउँदा श्रीमतीले मेरो लागी खाना तपेलीमा र बच्चाको लागी लिटो पकाई राखेको रहेछ, खाना पछी खाउला पहिला फरुवाको विड बनाउछु भनि विड बनाउदैको मौकामा ठाडा मगरको कुकुरले खाना र लिटो सबै खाईदिएकोले रिस उठी त्यही भेटेको अं. १/२ किलो जतिको ढुंगाले त्यस कुकुरलाई हान्दा कुकुरको गर्धनमा लागी उछिट्टि कपडाको झोलुंगोमा सुताई राखेको बच्चाको टाउकोमा लाग्न गै जाहेरवालाको छोरीको मृत्यू हुन गएको हो भन्ने प्र. कर्णबहादुर रावलको बयान ।

५. अं. १/२ किलो जतिको तोलको ढुंगा बरामदी भएको भन्ने बरामदी मुचुल्का रहेछ । उक्त मितिमा जाहेरवाली रोएको सुनी के भएछ र? भनी त्यहां गई सोध्दा कर्णबहादुर रावलले कुकुरलाई हानेको ढुंगा उछिट्टिन गई सुताएको बच्चालाई लाग्न गएको हो भन्ने कौशिला रावलबाट थाहा पाएपछि म समेतले बच्चालाई उपचारको लागी बोकी जाहेरवाला निर पुर्याएका हौ । पछि मृत्यु भयो भन्ने सुने भन्ने समेत व्यहोराको सर्जी बि.क.को कागज ।

६. उक्त मितिको दिनको अं. ११।१२ बजेतिर जाहेरवाली रोइ कराई रहेको देखी त्यहां जाँदा मृतक मुर्छित भएकोले म र सर्जि बि.क. समेतले सो बच्चालाई उपचारको लागी बोकी ल्याई जाहेरवालानिर छोडेर हामी घर फर्क्यौ पछी अस्पतालमा उपचार गराउंदा गराउदै मृत्यु भएछ सो कुरा बुझ्दा प्र.कर्णबहादुर रावलले आफ्नो भात र बच्चाको लिटो समेत कुकुरले खाई दिएको कारण रिसउठी त्यस कुकुरलाई ढुंगाले हान्दा कुकुरको गर्धनमा लागी उछिट्टीन गई झोलुंगोमा सुताई राखेको बच्चाको टाउकोमा लागी मृत्यु भएको भन्ने सुनेको हुँ भन्ने व्यहोराको तिलक बि.सी.को कागज ।

७. मिति २०७५।८।१ गते बिहान खाना खाई घर सल्लाह अनुसार म र मृतक छोरीलाई साथमा लिई नयाँ घर सुव्वा कुना गई कपडाको झोलुंगो बनाई सुताई भदैहरु र मैले चुल्लो बनाई रहेको अवस्थामा भदैले तपाई अरु काम गर्नुहोस हामी चुल्हो बनाई दिन्छौ भनेपछि म माथिल्लो तलामा लिप्न लागे सो समयमा कर्णबहादुर रावलले ढुंगा लिएर आएको देखेको हुं । एकछिनपछि झोलुंगो तिर हेर्दा बच्चाले आंखा फर्काई हात खुट्टा तनकाई सकेको देखेर कर्णबहादुरलाई बच्चा मारी हालिस निकाल्दे भन्दा पनि नसुनेर आफ्नो घरको यताउता ढुंगा समाति हिडीरहेको थियो । सर्जि बि.क. समेत आई बच्चा निकालेको थाहा पाउछु पछि म बेहोस भएपछि अस्पतालमा लगेर उपचार गराउँदा गराउदै निज बच्चाको मृत्यु भएछ । पछि म होसमा आउँदा थाहा पाएको हु बच्चालाई जानी जानी मारेकोमा विश्वास लाग्छ भन्ने मृतकको आमा कमला योगीको कागज ।

८. मैले सुने अनुसार उक्त मितिमा जाहेरवालाको छोरी झोलुंगोमा सुताई रहेको अवस्थामा कर्णबहादुर रावलले कुकुरलाई हान्ने बहानामा कुकुरलाई नहानी सिधै ढुंगाले मृतकको टाउकोमा हानी मारेको हो भन्ने सुने बुझेको हुँ । निज प्र.कै कर्तव्यबाट मृतकको मृत्यु भएको हो र विश्वास पनि लाग्छ भन्ने समेत व्यहोराको उमालाल चप्राई समेतका ९ जनाको एकै मिलान हुने गरी गरिदिएको बस्तुस्थिति मुचुल्का ।

## प्रश्न नं. ९

९. उक्त मितिको अं. ११ बजेको समयमा म दाजु कर्णबहादुरको घर आंगनमा घासको भारी लिई पुग्दा फरुवाको विड तछिन लाग्नु भएको थियो । घाँसको भारीबाट नाम्लो फुकाउँदा फुकाउदै दाइले हातमा ढुगा समाति मृतकको घर तर्फ कुकुरलाई लखेट्दै गएको केही छिनमा कमला योगी रोएको सुनी त्यहां जाँदा दाई एकातिर थरथरी कापेका थिए बच्चालाई सर्जि बि.क.हरु ले समाई ल्याएका देखि मैले दाई तपाई बच्चालाई अस्पताल लिएर जानुहोस म पैसा लिएर आउँछु भनी दाईलाई अस्पताल पठाए म अस्पताल आउंदा बच्चा मरिसकेको थियो कुकुरले भात खाई दिएको हुँदा सोही रिसले कुकुरलाई हानेको ढुंगाले बच्चालाई लाग्न गई मृत्यु भएकोमा पूर्ण विश्वास लाग्छ भन्ने पोखेली भन्ने रुपकला पोखेलको कागज ।

१०.निज विद्या योगीको मृत्यु टाउकोमा चोट लागी मस्तिष्कमा रगत जमिएको कारणबाट भएको देखिन्छ भन्ने लाश पोष्टमार्टम रिर्पोट ।

११. उक्त मितिको दिन हामी चुल्लो बनाई रहेका र फुपुले माथी लिपपोत गरी रहेका थिए । म बाहिर आउंदा कर्णबहादुर रावलले हानेको ढुंगाले झोलुंगोमा रहेको विद्या योगीको टाउकोमा लागेको देखेको हुँ । दाजुले बहिनीलाई किन ढुंगाले हाने मलाई केही थाहा छैन भन्ने राजन प्रसाद चपाईको कागज ।

१२. म चुलो बनाउँदा बनाउँदै ढुंगा लिन बाहिर आउँदा बहिनीलाई ढुंगाले लागेको देखेको हुँ । कर्ण ब. आफ्नो घर अगाडि यताउता गरी रहेको देखेको हु । पछी फुपुले प्रकाश बहिनीलाई झोलूंगोबाट झिक भनेपछि झिक्दा टाउकोमा अलिकति सुन्नेको थियो । विद्या योगी झोलुंगोमा सुतेको देखी प्र.ले ढुंगाले प्रहार गरे जस्तो लाग्छ भन्ने समेत व्यहोराको सुर्य प्रसाद चपाइको कागज ।

१३. २०७५।८।१ गतेका दिन म आफ्नै घरमा थिए मेरा श्रीमान खेत जोत्न गएका थिए श्रीमान् घरमा आउँदा म घरपछाडि भांडा माज्दै थिए । सोही समयमा कुकुर आई भात खाई दिएछ र सो कुकुरलाई श्रीमान कर्णबहादुर रावलले लखेट्दै थिए केही समय पछी घटनास्थलमा रोइकराई गरेको सुनी के भएछ भनी हेर्न जाँदा मृतकको आमा रोइरहेको र मानिसहरुले तिम्रो श्रीमानले कुकुरलाई हान्दा बच्चालाई लाग्यो भनेकाले सुनी थाहा पाएको हुँ । कुकुरलाई हानेको ढुंगा उछिट्टिएर विद्या योगीलाई लाग्न गई उपचार गर्दा गर्दै मृत्यु भएको हो जाहेरवालासंग कुनै रिसइवी झै झगडा थिएन भन्ने समेत व्यहोराको प्र.कि श्रीमती कौशिला रावलको कागज ।

१४.घटनास्थल समेतको रेखा चित्र लेखी लेखाई तयार गरीएको रेखा चित्रण मुचुल्का ।

१५ जाहेरी दरखास्त, लाश प्रकृति मुचुल्का, पोष्टमार्टम  रिर्पोट, बस्तुस्थितिका मानिसहरुका कागज तथा प्र. कर्णबहादुर रावलको बयान र अन्य संकलित सवुद प्रमाणहरुका आधारमा प्र. कर्ण बहादुर रावलले कुकुरलाई भगाउन ढुंगा हानेको र सो ढुंगा कुकुरलाई नलागी मृतक विद्या योगीलाई लाग्न गई मृत्यु भएको नदेखिई प्र. कर्णबहादुर रावलले विद्या योगीलाई मार्ने मनसायले ढुंगा प्रहार गरेको र सोही चोट पटकबाट मृत्यु भएकोले निज प्र. कर्ण ब.रावलले मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरित कसूर अपराध गरेको हुँदा सोही संहिताको दफा १७७(२) अनुसार जन्म कैदको सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी ।

१६. मैले कुकुरलाई हान्छु भन्ने बहानामा सिधै बच्चालाई हानी मारेको होइन कुकुरले भात खाई दिएको हुँदा कुकुरलाई हान्दा कुकुरलाई लागी सो ढुंगा उछिट्टिई बच्चालाई लाग्न गई विद्या योगीको सोही कारणले मृत्यु भएको हो । प्रहरीमा कागज गर्ने सबै मानिसहरु एमालेका हुन् तिनीहरुले सुर्यमा भोट हाल भनेका थिए मैले नदिएको कारण पोखेल्नी बहिनीले भनेपछि मैले जानी जानी हानेका हुन भनी लेखाएका हुन । मैले विद्या योगीलाई जानी जानी दुंगाले नहानी कुकुरलाई हान्दा उछिट्टिएर लाग्न गएकोले मलाई अभियोग पत्र बमोजिम सजाय नहुनु पर्ने हो भन्ने प्र. कर्णबहादुर रावलले अदालतमा गरेको बयान ।

१७. सुर्खेत जिल्ला अदालतको फैसला ।

१८. उच्च अदालतमा परेको पुनरावेदन पत्र ।